# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०१।२२ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

महानगरीय दंगा नियन्त्रण प्रहरी गण, त्रिपुरेश्वर दरबन्दी भई ताहाचल स्थित वैदेशिक रोजगार विभाग काठमाडौं कार्यालयमा सुरक्षार्थ खटिएका प्रहरी जवान गणेश लोहारले साउदी अरबका लागि श्रम स्वीकृति लिने सिलसिलामा सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा महानगरीय प्रहरी वृत्त, कालीमाटीबाट खटिई गएको प्रहरी टोलीले निज प्र.ज. गणेश लोहारलाई रु.१७,०००।- (सत्र हजार) घुसबापतको रकम लिएको अवस्थामा ताहाचल स्थित वैदेशिक रोजगार विभागबाट मिति २०७५।१२।१९ गते नियन्त्रणमा लिई अनुसन्धान कारबाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौंबाट मिति २०७५।१२।१९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गालमा प्राप्त हुन आएकोले तत्सम्बन्धमा अनुसन्धान हुँदा श्रम स्वीकृति प्रदान गर्ने सम्बन्धमा निज अरेबिक भाषा अनुवादक अजाद आलम, प्रहरी जवान विष्णु नाथ र प्रहरी जवान गणेश लोहारको आपसी मत सल्लाह र संलग्नतामा घुस/रिसवत लिएको पुष्टि हुन आई निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको सप्रमाण पुष्टि हुन आएकोले निजहरुलाई जनही बिगो रू.१७,०००।- (सत्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता